सर्वोच्च अदालत काठमाडौं

सर्वोच्च अदालतबाट सक्कल बमोजिम प्रतिलिपि प्रमाणित गरिदिएको छ।

श्री सर्वोच्च अदालतमा चढाएको

निवेदन पत्रको सारसंक्षेप

विषय : नेपालको संविधानको धारा ४६/१३३ (२) (३) बमोजिम उत्प्रेषण, परमादेश लगायत उपयुक्त आज्ञा, आदेश वा पुर्जी जारी गरिपाउँ ।

ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं १६ स्थित क्वयेर युथ ग्रुपको तर्फबाट निवेदक अख्तियार प्राप्त ऐ.ऐ. बस्ने वर्ष २२ को रुक्शना कपाली ................ १

विरुद्ध

विपक्षी

नेपाल सरकार, सिंहदरबार, काठमाडौं समेत ................................ १

हामी निवेदक नियमानुसार लाग्ने निवेदन दस्तुर यसैसाथ संलग्न गरि नेपालको संविधानको धारा १२ एवं धारा १३३(२)(३) तथा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४० बमोजिम निम्नलिखित निवेदन गर्दछौं ।

१. रिट निवेदनको व्यहोरा : नेपाल सरकारले बनाएको नेपाल नागरिकता नियमावली, २०६३ को अनुसूचीमा १, २, ७ र ८ बमोजिम नागरिकता प्रमाणपत्रमा "लिङ्ग (Sex)" शब्द उल्लेख भएको छ । नेपालको संविधान, २०७२ मा लैङ्गिक पहिचान सहितको नागरिकता प्रमाणपत्र प्राप्त गर्न सकिने व्यवस्था रहेको र सम्मानित अदालतद्वारा लैङ्गिक पहिचानको आधारमा नागरिकता प्रमाणपत्र जारी गर्न भनि पटक पटक आदेश गर्दा समेत नागरिकता प्रमाणपत्रमा "लिङ्ग (Sex)"को महल उल्लेख गराउने कानून संविधानसँग बाझिएको व्यहोरा ।

२. संवैधानिक तथा कानूनी प्रश्न : धारा १२ - वंशीय आधार तथा लैङ्गिक पहिचान सहितको नागरिकता

३. माग गरिएको उपचार : नेपाल नागरिकता नियमावलीको अनुसूची-१, अनुसूची-२, अनुसूची-७ र अनुसूची ८ मा उल्लेख लिङ्ग (Sex) शब्दलाई संशोधन गरी लैङ्गिकता (Gender) उल्लेख गर्न गराउन तथा सोही अनुसार आफ्नो सफ्टवयेर पनि संशोधन गर्न गराउन एवं नेपाल सरकार अन्तरगतका सबै निकायहरूमा जुनसुकै कागजात वा दस्तावेजहरूमा उल्लेख भएको लिङ्ग (Sex) को महल सट्टा लैङ्गिकता (Gender) को महल राख्न राख्नलाउन भनि परिपत्र गर्न विपक्षीको नाउँमा आदेश जारी भएको मितिले बढीमा १५ दिनको समयसिमा समेत तोकी उत्प्रेषण परमादेश लगायत उपयुक्त आदेश जारी गरिपाउँ ।

सार-संक्षेपिकरण प्रस्तुतकर्ता

नेपाल संवत् ११४२ साल थिंला महिना २७ गते

इति संवत् २०७८ साल मंसिर महिना २९ गते रोज ४ शुभम् ...........